# "नगर सरसफाई तथा हरियाली प्रवर्द्धनमा सहकारी संस्थाहरुको भूमिका"

प्रस्तुतकर्ता
माधव पाठक

संसारका जिवित प्राणिहरु मध्ये सर्व श्रेष्ठ चेनतशील प्राणि मानिस हो मानव विकासको इतिहासमा मानिस प्राकृतिक थियो। उसको संख्या थारै थियो । वनजंगल प्रर्याप्त थियो खेतिपाती पशुपालन गरेर जीविका चलाउथ्यो । उसले शुरुमा प्रकतिलाई हष्तक्षेप गर्न सकेन । समयमा पानी पर्ने हुँदा प्राकृतिक वनस्पति हुर्कने फैलिने प्रकृयाले वातारण स्वच्छ थियो खानपान प्राकृतिक थियो । वाारण स्वच्छ सफा भएकोले मानिहरुको आयु लामो थियो । मानिसको आयुको वारेमा त्यो वेलाको साहित्य वेदले "सर्व जिवेत चीरम जीवेद" भनेको छ अथवा मानिसको आयु सय वर्ष हुन्छ भनेको हो । जनसंख्या बढ्दै जानु मानिसको चेतनाले आफ्नो आवश्यकता परिपूर्ति गर्न स्वच्छ पृथ्वीलाई अनेकों तरहले होशन र हस्तक्षेप गर्दै जानु, जमिन प्रयोगको लागि वनजंगल विनाश गर्दै जानु, औद्योगिक विकासको कारणबाट कार्वनको मात्रा बढ्दैजानु, सोमात्रा अत्याधिक भएकोले पृथ्वी र सूर्यको विचमा आफै बनेको ओजन तह जसले सूर्यको तापक्रमलाई अडकलेर पृथ्वीमा पठाउँछ । त्यसलाई समेत हस्तक्षेप गर्दैजानु, खाद्यान्न उत्पादन मा प्रयोग गरिने रसायनहरुको मात्रा अत्याधिक वृद्धि गर्दै जानु आदि कारणले मानिस बसेको पृथ्वी प्रदुषित हुदैजाँदा त्यति सुन्दर पृथ्वी कुरुप र स्वच्छ प्रदुषित बनायौ ।

अहिले मानिसको संख्या बढेर ३ खर्व भन्दा माथि पुग्यो मानिसको आवश्यकतालाई पूर्ति गर्न उत्पादित प्लाष्टिक तथा कार्वन जन्य रसायनको असरले अनेकौं खालका रोगहरु निम्त्याउने जिवाणुहरुको उत्पादन वृद्धि भइरहेको छ त्यसको अअसरले सवै मानिस एकन एक रोगले ग्रष्ट छौं, मानिस र उद्योगको चापले वनजंगल विनाश भइरहेका छन् वनजंगल वृक्ष मासिनु भनेको पृथ्वीमा कार्वडाई अक्साइडको मात्रा वढ्नु हो । त्यसको प्रत्यक्ष असर अक्सिजन (प्राणवायु) प्रयोग गर्ने जिवजन्तु देखि मानिसहरु सम्म परेको छ । हामीले सुनेका छौं विश्वका ठूला औद्योगिक शहरहरुमा प्रदुषणको मात्रा बढेर दिउँसै अँध्यारो जस्तो भएको छ भन्ने कुरा । यो अवस्थामा पाठ सिक्दै हाम्रो पृथ्वी, हाम्रो वातावरण, हाम्रो रहन सहन, हाम्रो खानपानलाई सुधार गर्न अत्यन्न जरुरी भइसकेको छ ।

मानिस एक्लैले माथिका समस्या समाधान गर्न सक्दैन तर उसले आफूलाई सफा राख्न सक्छ, आफ्नो घर आँगन, टोल छिमेक सफा राख्न सक्छ अरु सँग मिलेर अभियान चलाउन सक्छ, खाली जमिनमा हरियाली बढाउन सक्छ । सबैले त्यतिमात्र गर्ने हो भने यो कुरुप र विषक्त बनेको वायुमण्डल पुनः अमृतमय हुन सक्छ हामी सबै प्रयत्न गरौं ।

## १. तिलोत्तमा नगरपालिकाका "clean and Green" सफा स्वच्छ हराभरा नगरपालिका

हामील बसेको ठाउँ राजनीतिक सिमावहृताले तिलोत्तमा नगरपालिका, यसले आगटेको भूभाग पनि माथि भनिएका समस्याहरुबाट अछुतो छैन । खेतीयोग्य जमिन घट्ने प्रकृया तीव्रछ, मानिसको आवागमन बढेको छ, जनसंख्याको वृद्धिदर उच्च छ, गाउँवस्तीहरु बजारबाट शहरमा रुपान्तरण हुदैछन्, मानिसले आफै उत्पादन गर्ने फोहर र प्रयोग गरेर फाल्ने वस्तुहरुको मात्रा वढ्दैछ । हाम्रा आँगन खेत खलिहान सडक फ्याकिएका

वस्तुहरु विशेषगरी प्लाष्टिकजन्य वस्तुहरुले भरिभराउभएका छन्, रुख वृक्षहरु नासिदैछन् प्रयोग गरेपछि पूर्ति गर्ने हाम्रो आचरण वनिसकेको छैन, खाद्यान्न उत्पादन गरिनेबाहेका खाली जमिनहरु, सडक किनारा, आँगन वरीपरि समेत रुख वृक्ष हुर्काउँदा भविष्यमा हामी पनि अक्सिजनको खोजीमा भौतरिन पर्ने अवस्थामा पुग्ने छौं । त्यसै भएको हुनाले हाम्रो नगरपालिकाले हाम्रो भूगोललाई स्वच्छ सफा हराभरा बनाउन अभियान चलाएको छ । यो अभियानमा यस नगरपालिका भित्र रहेका खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाहरुले पूर्ण सरसफाईको अभियान संचालन गरिहेका छन् यो अत्यन्त सकारात्मक र रचनात्मक छ । यस बाहेक नगरपालिका भीत्र संगठित महाविद्यालय, विद्यालयहरु, विभिन्न आमा समूहहरु, क्लबहरु, उद्योग प्रतिष्ठानहरु, सरकारी गैरसरकारी कार्यालयहरु उद्योग तथा व्यापार संग सम्बन्धित संगठनहरु, विभिन्न धार्मिक संगठनहरु, मठ मन्दिरहरुका समितिहरु, सहकारी संस्थाहरु, राजनितिक दलहरु र तिनका भात्रि संगठनहरु सबै मिलेर यो अभियानमा संलग्न हुने हो भने नगरपालिकाको नारा सार्थक बन्न सक्छ र नगरवासीहरु स्वच्छ वातावरणमा न्यून पाउने आधार बन्छ हामी आरोग्य बन्ने छौ र हाम्रा सन्ततीहरुलाई सफा हराभरा हाम्रो वस्ति बजार र शहर हस्तान्तरण गर्न सक्नेछौं ।

**२. सफा स्वच्छ हराभरा नगरपालिका बनाउने अभियानमा सहकारी संस्थाहरुको भूमिका**

क) सहकमारी संस्था समुदायमा आधारित हुन्छ, हरेका संस्थाका आफ्ना सदस्यहरु निश्चित हुन्छन् सदस्यहहरु संगग परिवार हुन्छ, उनीहरु सबै सँग घर आँगन भान्सा वाथरुम, ट्वाइलेट आदि हुन्छन् जहाँबाट फोहर उत्पादन हुन्छ । अहिलेको अवस्थामा हरेक घर हरेक व्यक्ति कुनै न कुनै सहकारी संस्थामा संगठित छ त्यसैले सहकारी यो नगरपालिका भित्र एउटा समग्र संगठन भएको छ । हरेक सहकारी संस्थाले आर्थिक गतिविधी गर्छ, आर्थिक गतिविधिले नाफा आर्जन गर्छ । यसबाट संस्थाले सदस्यहरु भित्र आर्थिक वितरण गर्छ ।

ख) सहकारीका अन्तर्राष्ट्रिय ७ सिद्धान्तहरु मध्ये "समुदाय प्रतिको चासो" भन्ने सिद्धान्त अत्यन्त महत्वपूर्ण सिद्धान्त हो, यसको मर्म सहकारी संस्थाले आर्जन गरेको नाफाको एउटा अंश समुदायका लागि खर्च गर भन्ने हो ता पनि हामी सहकारीकर्मीहले त्यो मर्मलाई आत्मासात गर्न सकिरहेका छैनौ किनभने सदस्य सँग कारोबार गर्न हुदैन भन्ने मात्र बुझिरहेका छौं । समुदाय भित्र हाम्रा सदस्यहरु बस्दछन् समुदाय भनेका सदस्यहरुका जन्मदाता हुन । समुदायको सेवा उत्थान, विकास भनेकै सदस्यको विकास हो भन्ने मान्यता स्थापित गर्ने उद्देश्य नै त्यो सिद्धान्तको हो । त्यसैले हामी सहकारी संस्थाहरुले समुदायलाई के दिन सक्छौं भन्ने सन्दर्भमा सोंच्नु आवश्यक भएको छ ।

ग) तिलोत्ताम नगरपालिकाले शुरु गरेको Clean and Green तिलोत्तमा को महाअभियानमा सहकारी संस्थाहरुको भूमिका र योगदान के हुन सक्छ भन्ने कुराको छलफल र खोजी यस लेखको उद्देश्य हो । सहकारी संस्थाहरुको भूमिका निम्नानुसार रहन सक्छ ।

१. सहकारी संस्थाहरुका सदस्यहरुलाई आफ्नो घर आँगन, भान्सा बाथरुमबाट निस्कने फोहर पानीलाई व्यवस्थि तगर्न अभिप्रेरित गर्ने आवश्यकता परे तालिम, सेमिनारबाट प्रचार गर्ने साथै अनुगमन गरी प्रोत्साह पुरस्कारको व्यवस्था गर्ने ।

२. सडक चोक सफा राख्न समयानुकुल सदस्य र सदस्यका परिवार जन प्रयोग गरी संस्थाको पहिचान हुने गरी सरसफाई कार्यक्रम संचालन गर्ने ।
३. हरेक सदस्यलाई आफ्नो घरमा उत्पादित फोहरलाई गल्ने फोहर र नगल्ने फोहरमा वर्गिकरण गर्न सिकाउने गल्ने फोहरलाई प्राङ्गरिक मल बनाउन प्रेरित गर्ने ।
४. सबै सदस्यहरुलाई कम्तिमा ५ ओटा वृक्ष रोप्न लगाउने, विरुवा उपलब्ध गराउने ।
५. सबै सदस्यलाई आफ्नो घर अगाडिको सडकमा वृक्षारोपण गरी संरक्षण गर्न लगाउने । धेरै विरुवा हुर्काउने सदस्यलाई पुरस्कारको व्यवस्था गरी सार्वजनिक गर्ने ।
६. नगरपालिका भित्र बाँझो रहेका सार्वजनिक जमिनको खोजी गरी नगरपालिका संग स्विकृती लिई सहकारी संस्था एक्लैले वा सहकारी संस्थाहरु मिलेर सहकारी वन तथा वगैचा विकास गर्ने ।
७. खाली जमिनहरुमा पर्यावरण शुद्धताको लागि पानी पोखरी निर्माण गर्ने त्यस्ता पोखरी निर्माण गर्ने जमिन तथा प्राविधिक सहयोग नगरपालिकाले उपलब्ध गराउने ।
८. त्यस्ता पानी पोखरीहरुबाट प्राप्त हुने आय सम्बन्धित संस्थाहरुलाई दिन नगरपालिका सकारात्मक रहने ।
९. फोहरमैलाको दीर्घकालिन समाधानको लागि सहकारी संस्थाहरु मिलेर गल्ने फोहरबाट प्राङगरिक मल उत्पादन को योजना बनाई लगानि गर्ने आवश्यकता परे नगरपालिका संग सहकार्य गर्ने । बाँकि रहेको नगल्ने पदार्थलाई वर्गिकरण गरी बजार व्यवस्थापन गरी आय आर्जन साथै रोजगारी वृद्धि गर्ने ।
१०. माथि भनिएका गतिविधी संचालन गर्न आवश्यक पर्ने निती निर्णय निर्माण गर्ने र आवश्यक आर्थिक भौतिक प्राविधिक सहयोग नगरपालिकाबाट उपलब्ध गराई Clean and Green तिलोत्तमा बनाउने अभियानमा सहकारीकर्मीहरुलाई परिचालित गरी महानलक्ष्य पुरा गर्ने ।

सम्पूर्ण सहकारीकर्मी मीत्रहरु हामी सबै आफ्नो आफ्नो ठाउँबाट प्राप्त भएको जिम्मेवारी र हाम्रा सन्ततीहरुलाई सबै किसिमले वस्न लायक सुन्दर तिलोत्तमा बनाउन हामी सबैको भूमिका अपरिहार्य छ र तिलोत्तमा भित्रका सहकारी संस्थाहरुले यो अभियान प्रारम्भ गरे भन्ने सन्देश मुलुक भर फैलाउन र त्यसको जस तिलोत्तमाले लिने अवसर छ यसलाई नचुकाऔं ।

धन्यवाद !